अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)


**गणेशमान चारनाथ नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड ६ | संख्या १ | २०७९/०४/०१


नेपालको संविधान अनुसूची ८ को क्रमसंख्या ८ बमोजिम
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम
नगर सभाबाट पारित मिति : २०७९/३/१०

**भाग-१**

## गणेशमान चारनाथ नगरपालिका शिक्षा ऐन, २०७९

**प्रस्तावना** : गणेशमान चारनाथ नगरको समग्र विकास, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार निर्माण तथा समयानुकूल ज्ञानको वृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न नगर क्षेत्रभित्र स्थापना भई सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न समय परिस्थिति अनुकूल हुने ज्ञान, सीप, प्रविधि तथा मानवमूल्य सहितको शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले गणेशमान चारनाथ नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा नगरसभाले उल्लिखित विषयमा कानुन बनाउन सक्ने व्यवस्था भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ :</u>
   (क) यस ऐनको नाम "गणेशमान चारनाथ नगरपालिका शिक्षा ऐन २०७९" रहेको छ।
   (ख) यो ऐन गणेशमान चारनाथ नगरपालिका क्षेत्रभर लागू हुनेछ।
   (ग) यो ऐन गणेशमान चारनाथ नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "नगरपालिका" भन्नाले गणेशमान चारनाथ नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गणेशमान चारनाथ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले गणेशमान चारनाथ नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(घ) "तह" भन्नाले विद्यालयको आधारभूत तथा माध्यमिक तह सम्झनु पर्छ ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै तहको शिक्षा सम्झनु पर्छ।

(च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ । त्यस्तो शिक्षा दिने विद्यालयलाई आधारभूत विद्यालय सम्झनु पर्छ ।

(छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ । त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय सम्झनु पर्छ ।

(झ) "औपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्ना गरी राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको कार्यक्रम अनुसार विद्यालयबाट प्रदान गरिने कक्षागत तथा तहगत शिक्षा सम्झनु पर्छ ।

(ञ) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसक्नेलाई दिइने शिक्षा सम्झनु पर्छ।

(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष प्रबन्ध गरी प्रदान गरिने शिक्षा सम्झनु पर्छ ।

(ठ) "निरन्तर शिक्षा" भन्नाले साक्षरोत्तर कक्षाको शिक्षा पार गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झन पर्दछ ।

(ड) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा जिल्ला/इलाका प्रशासन कार्यालयबाट संरक्षकत्व प्रदान गरेको भन्ने व्यहोराको प्रमाणित पत्र विद्यालयमा पेस गरेको व्यक्ति वा संस्थालाई समेत सम्झनु पर्छ ।

(ढ) "अभिभावक शिक्षा" भन्नाले बालबालिकाहरुको शिक्षादिक्षा, स्वास्थ्य, पोषण र सरफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा दिइने अभिमुखीकरण तालिम वा सचेतीकरण कार्यक्रम वा छलफल वा भेटघाट वा स्वाध्ययन कार्य सम्झनु पर्छ ।

(ण) "समावेशी शिक्षा" भन्नाले दृष्टिवीहिन, न्यून दृष्टियूक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा तथा सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ ।

(त) "प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षा वा तालिमलाई सम्झनु पर्छ ।

(थ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ ।

(द) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति वा संस्था वा समुदायको पहलमा स्थापना गरिएका संघीय, प्रादेशिक वा स्थानीय सरकारबाट बाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ ।

(ध) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(न) "शिक्षा प्रमुख" भन्नाले नगरपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी सम्झनु पर्छ ।

(प) "वडा शिक्षा समिति" भन्नाले दफा २५ को उपदफा १ बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ब) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(भ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(य) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि मनोरञ्जनात्मक विधिबाट बालबालिकाको सर्वाङ्गीण विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा सम्झनु पर्छ र सो शब्दले नर्सरी वा केजी वा यस परिभाषाले समेटेको उमेरका बालबालिकाहरुलाई दिइने मन्टेश्वरी शिक्षा समेत सम्झनु पर्छ ।

(र) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले तीन देखि चार वर्ष उमेर पूरा भएका बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न सञ्चालित पूर्व प्राथमिक विद्यालय वा बाल विकास केन्द्र वा शिशु विकास केन्द्र वा शिशु कक्षा वा

नर्सरी कक्षा वा मन्टेसोरी स्कुल वा किन्डर गार्टेन आदि नामले सञ्चालित शिक्षा केन्द्र सम्झनु पर्छ ।

(ल) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थार्थी रूपमा बसोबास गर्न दिइएको जुनसकै नामको स्थायी आवासीय अनुमतिसमेतलाई जनाउँछ ।

(व) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(श) "नमूना विद्यालय" भन्नाले नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ पहिलो संशोधन (२०७५ सहित) परिच्छेद २ को दफा २.१ बमोजिमको विद्यालय सम्झनु पर्छ ।

(ष) "स्थानीय" भन्नाले गणेशमान चारनाथ नगरक्षेत्र भित्रको मानव स्रोत, भौगोलिक वातावरण तथा सम्पदासँग सम्बन्धित सम्झनु पर्छ ।

(ह) "विद्यालय बाहिर हुने अध्यापन सेवा" भन्नाले निजी क्षेत्रको संस्था (इन्स्टिच्युट) बाट विद्यार्थीका लागि प्रदान गरिने शैक्षिक परामर्श सेवा, ट्युसन, कोचिङ क्लास, सिर्जनात्मक कला, भाषा शिक्षण आदि विषयको कक्षा सम्झनु पर्छ ।

(क्ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त्र) "नगर शिक्षा समिति" भन्नाले यस ऐनको दफा २४ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

(ज्ञ) "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ज्ञ१) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सिप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(ज्ञ२) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्न वा बन्द गर्ने वा तह वा कक्षा थप्ने वा घटाउने कार्य सम्झनु पर्छ ।

(ज्ञ३) "शैक्षिक संस्था" भन्नाले दफा २ को परिभाषा (थ), (द), (ध), (र), (श), (ह) र (ज्ञ१) बमोजिमका संस्थाहरु जनाउँछ ।

(ज्ञ४) "पुस्तकालय" भन्नाले नागरिकमा पठन सँस्कृतिको विकास गर्न, पुस्तकहरु अध्ययन गर्न र जीवन पर्यन्त सिकाइलाई सघाउँने अभिप्रायले स्थापित इच्छुक पाठकहरुले विभिन्न शर्तमा पुस्तक पढ्न पाउने विभिन्न विषय र क्षेत्रका पुस्तकहरुको संग्रह गरेर राखिएको सार्वजनिक स्थललाई जनाउँछ ।

(ज्ञ५) "वाचनालय" भन्नाले जनसाधारणले पत्रपत्रिका आदि पढ्न वा हेर्नका लागि स्थापना गरिएको सार्वजनिक स्थललाई जनाउँछ ।

(ज्ञ६) "शिक्षक केन्द्र" भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा कार्यालय रहने गरी शिक्षाको पेसागत कार्यक्रम र गतिविधिहरु सञ्चालन हुने साविकको स्रोत केन्द्र भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-१

## प्रारम्भिक बाल विकास तथा बाल शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा

१. **औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा:** नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकका लागि औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा उपलब्ध हुनेछ ।

२. **औपचारिक शिक्षा:** (१) तीन वर्ष पुरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पुरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र, पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एक देखि उमेरअनुसार क्रमशः कक्षा आठ सम्मको आधारभूत विद्यालय शिक्षा तथा तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह्र सम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नु पर्नेछ । यस्तो शिक्षा औपचारिक हुनेछ ।

(२) उपदफा (१) बमोजिमको माध्यमिक शिक्षा साधारण माध्यमिक शिक्षा, संस्कृत माध्यमिक शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा तीन प्रकारको हुनेछ ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यावहारिक तथा प्रयोगात्मक अभ्यासका लागि एक वर्ष अवधि थप हुनेछ ।

३. **अनौपचारिक शिक्षाको व्यवस्था :** (१) नगरपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि अनौपचारिक शिक्षा प्रणाली मार्फत् प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था गर्नुपर्ने छ। नगरपालिकाले यस्तो शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्ने छ ।

४. **विशेष शिक्षाको व्यवस्था :** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत कक्षा वा छुट्टै विद्यालयमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने गरी विशेष शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) दफा (१) को प्रयोजनका लागि नगरपालिकाले कुनै खास विद्यालयलाई विशेष शिक्षा दिने छुट्टै विद्यालयका रुपमा छनौट गर्न सक्ने ।

५. **प्रारम्भिक बाल विकास शिक्षा :** (१) नगरपालिका क्षेत्रमा रहेका पाच बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक

विकासका लागि प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा तीन वर्ष पूरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पूरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा प्रदान गरिनेछ ।

(३) प्रारम्भिक बाल विकास शिक्षा सामुदायिक तथा संस्थागत रुपमा दिइने छ ।

(४) उपदफा (१) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको स्थापना, सञ्चालन प्रक्रिया, शिक्षण विधि तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६. **आधारभूत शिक्षाः** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकका हरेक पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एक देखि उमेरअनुसार क्रमशः कक्षा आठसम्म को आधारभूत विद्यालय शिक्षा, सामुदायिक विद्यालयमार्फत् आधारभूत शिक्षा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रचलित ऐन नियम बमोजिम सामुदायिक तथा संस्थागत तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने छ ।

(३) सामुदायिक तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको अन्य व्यवस्था तथा मापदण्ड सम्बन्धमा प्रचलित सङ्घीय कानुन तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

७. **माध्यमिक शिक्षाः** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह्र सम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नुपर्नेछ ।

८. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक बालविकास कक्षा देखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा दिन सकिनेछ ।

(३) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा नै हुनेछ तर गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ ।

९. **अभिभावक शिक्षाः** (१) अभिभावकलाई बालबालिकाको शिक्षादिक्षा, स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा अभिभावक शिक्षा प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा अनौपचारिक शिक्षा विधिबाट प्रदान गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको शिक्षाको व्यवस्था प्रचलित मापदण्ड तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

१०. **अनौपचारिक शिक्षा:** (१) विद्यालयमा भर्ना भई निरन्तर रुपमा औपचारिक शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई आवश्कतानुसर प्रौढ शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ ।

(३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

११. **खुला तथा वैकल्पिक निरन्तर सिकाइ:** (१) विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसकेका व्यक्तिहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउन व्यक्तिलाई खुला/दूर शिक्षा तथा वैकल्पिक शिक्षा तथा निरन्तर सिकाइका अवसरहरु प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ ।

(३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

१२. **सामुदायिक सिकाइ :** (१) नगरपालिकाले समुदायमा साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, अभिभावक शिक्षा, आमा समूह शिक्षा, घरेलु तथा व्यावसायिक सीपको विकासका लागि सामुदायिक सिकाइका अवसरहरु प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिकाइको अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन र परिचालन गर्न सक्नेछ ।

(३) सामुदायिक सिकाइ केन्द्रको स्थापना, पूर्वाधार, सञ्चालन र परिचालन तोकिए बमोजिम हुनेछ ।

१३. **विशेष तथा समावेशी शिक्षा :** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत रुपमा वा छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट विशेष तथा समावेशी शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नगरपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा तथा समावेशी शिक्षाको व्यवस्था गर्न सक्नेछ ।

(३) दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण-दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिने छ ।

(४) उपदफा (१) बमोजिमको शिक्षा नीति, पूर्वाधार, व्यवस्थापन, सञ्चालन प्रक्रिया, शिक्षक तथा कर्मचारीको नियुक्ति, त्यस्तो शिक्षा दिने विद्यालय वा संस्थालाई प्रदान गरिने सुविधा र अनुदान तोकिए बमोजिम हुनेछ ।

(५) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(६) नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालयलाई विशेष शिक्षा तथा समावेशी शिक्षा सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्न सक्नेछ ।

१४. **नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने र नियमन गर्ने:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले तोकेको काम, कर्तव्य र अधिकार बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने र नियमन गर्ने कार्य नगर कार्यपालिकाको ऐन, नियम तथा कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद-२

## सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

१५. **विद्यालयको स्थापना :** (१) स्थानीय आवश्यकताका आधारमा नगरपालिकामा रहेका नेपाली नागरिक वा स्थानीय समुदाय वा संस्थाले प्रचलित कानून बमोजिम सामुदायिक, संस्थागत, गुठी, सहकारी, बाल विकास केन्द्र, विद्यालय तथा शिक्षण संस्था स्थापना गर्न सक्नेछन् ।

१६. **विद्यालयको स्थापना गर्ने अनुमति तथा स्वीकृतिः** (१) कुनै समुदाय, व्यक्ति वा संस्थाले नयाँ प्रारम्भिक बाल विकास केन्द्र वा विद्यालय स्थापना गर्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिका लागि वडा शिक्षा समितिको निर्णय सहितको सिफारिस शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै अनुसूची- १ बमोजिमको ढाँचामा शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ ।

(२) विद्यालय खोल्नका लागि अनुसूची - २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

(३) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरु जाँचबुझ गर्नेछ र नियम (२) बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा नगर शिक्षा समितिको निर्णयको आधारमा शाखा प्रमुखले अनुसूची - ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) संस्थागत विद्यालयको हकमा शैक्षिक गुठी बाहेक कम्पनि अन्तर्गत विद्यालय खोल्न अनुमति प्रदान गरिने छैन ।

तर कम्पनि अन्तर्गत पहिला नै दर्ता भैसकेको विद्यालयको दर्ता खरिद गरी विद्यालय संचालन गर्न चाहेमा विद्यालय संचालन गर्न अनुमति प्रदान गर्नेछ ।

(५) विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय संचालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ ।

| विद्यालयको तह | संस्थागत विद्यालय | सामुदायिक विद्यालय |
|---|---|---|
| माध्यमिक(११-१२) विद्यालय | दुइ लाख पचास हजार रुपैया | एक लाख पचास हजार रुपैया |
| माध्यमिक(९-१०) विद्यालय | दुइ लाख रुपैया | एक लाख रुपैया |
| आधारभूत(६-८) विद्यालय | एक लाख पचास हजार रुपैया | पचास हजार रुपैया |
| आधारभूत(१-५) विद्यालय | पचास हजार रुपैया | ----------------------- |

(६) उपदफा(५) बमोजिम राखिएको धरौटी बापतको रकम विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति र शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट विद्यालयको नाममा नजिकको बैंकमा मुद्दती खाता खोली जम्मा गरिने छ ।

(७) उपदफा(६) बमोजिम बैंकमा जम्मा गरिएको रकमबाट प्राप्त व्याजको रकम विद्यालयको काममा खर्च गर्न सकिनेछ ।

१७. **सहकारी अन्तरगत विद्यालय सञ्चालन गर्ने अनुमति :** (१) कम्पनी वा गुठी अन्तरगत सञ्चालित विद्यालयहरु सहकारी अन्तरगत सञ्चालन गर्न चाहेमा शिक्षा समितिको निर्णय बमोजिम नगरपालिकाले सञ्चालन अनुमति दिन सक्नेछ ।

(२) सहकारी अन्तर्गत विद्यालय संचालन गर्ने संबन्धी कार्यविधि तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन

१८. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना :** (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउन नगरपालिकाले आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम प्राविधिक तथा व्यावसायिक तालिमको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा प्रक्रिया कार्यविधिबाट निर्धारण गरिएबमोजिम हुनेछ ।

१९. **प्रविधिक शिक्षा वा व्यावसायिक तालिमको सञ्चालन :** (१) नगरपालिकाले आधारभूत तहको शिक्षा पूरा गरेको नागरिकलाई प्रचलित कानुन बमोजिम माध्यमिक शिक्षा वा सो सरहको प्राविधिक शिक्षा वा व्यावसायिक तालिम प्रदान गर्न सक्नेछ ।

(२) दफा (१७) बमोजिम तालिमको योजना तथा प्रचलित कानुन बमोजिम स्थापना गरिएका प्राविधिक शिक्षा वा व्यवसायिक तालिम प्रदायक संस्था वा शिक्षालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको शिक्षण संस्था वा विद्यालय सञ्चालन गर्नु

अघि त्यस्तो शिक्षण संस्था वा शिक्षालयमा यस ऐनमा उल्लेख भएका पूर्वाधारका अतिरिक्त प्रचलित नमुना बमोजिमका अन्य मापदण्ड र शर्त पूरा गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुक कुरा लेखिएको भएतापनि नगरपालिकाबाट अनुमति प्राप्त गरी कुनै पनि व्यक्तिले प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्ने संस्था वा विद्यालय स्थापना गर्न सक्नेछ । तर त्यस्तो व्यक्तिले त्यस्तो शिक्षण संसथा वा विद्यालय स्थापना गर्नु अघि उपदफा (२) बमोजिमका पूर्वाधार, शर्त तथा मापदण्ड पूरा गर्नु पर्नेछ ।

(५) राष्ट्रिय विकास तथा स्थानीय तहको विकासको लागि कुनै खास विधाको प्राविधिक वा व्यवसायिक मानव संशाधन वा विशेषज्ञ आवश्यक देखिएमा नगरपालिकाले तोकिए अवधिभित्र त्यस्तो संशाधन र विशेषज्ञ उत्पादन गर्न कुनै खास शिक्षण संस्थालाई निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्देशन दिएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवधिभित्र त्यस्तो मानव संशाधन वा विशेषज्ञ उत्पादन गर्न त्यस्तो शिक्षण संस्थाको कर्तव्य हनेछ।

(७) शिक्षण संस्थाले उपदफा (५) बमोजिमको मानव संशाधन उत्पादन गर्न वा त्यस्तो संशाधन उत्पादन गर्ने आवश्यक फ्याकल्टी वा शिक्षण संस्थाको संस्थागत क्षमता विकास गर्न आवश्यक अनुदान रकम माग गरी त्यसको परियोजना विवरण सहित नगरपालिकासाग अनुरोध गर्न सक्नेछ ।

(८) उपदफा (५) बमोजिम रकम माग भएकोमा नगरपालिकाले स्थलगत अध्ययन अवलोकनका आधारमा प्राप्त राय सुझावका आभारमा आवश्यकता अनुसार उपयुक्त रकम सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराउन सक्नेछ । त्यस्तो अवलोकन कार्यका लागि स्थलगत अध्ययन समिति गठन गर्न सक्नेछ ।

२०. **<u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अनुमति एवम् रद्द गर्न :</u>** (१) नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा तालिमका लागि सम्बन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा नगरपालिकाले त्यस्तो अनुमति रद्द गर्नसक्ने छ । तर अनुमति रद्द गर्नुअघि त्यस्ता संस्थालाई सफाइको मौका दिनुपर्ने छ ।

## परिच्छेद-४
## मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन

२१. **मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति :** (१) नगरपालिकाले आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालनका लागि अनुमति तथा स्वीकृति दिन सक्नेछ । यस्तो अनुमति सम्बन्धी प्रक्रिया ऐनको दफा १५ बमोजिम हुनेछ ।

(२) दफा (१) बमोजिम अनुमति दिइएका विद्यालयले एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई बालबालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अङ्ग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गर्नु पर्नेछ ।

(३) एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाा पनि भाषिक स्थानान्तरणको नीति अपनाउनु पर्नेछ । सबै खाले भाषाभाषीलाई एक अर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गर्नु पर्नेछ ।

(४) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ५
## गाभिएका वा बन्द भएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन

२२. **विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न :** (१) नगरपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिनसक्नेछ ।

(२) कुनै विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्ने छ ।

(३) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात अस्तित्वमा रहने विद्यालयमा हस्तान्तरण एवम् जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नुपर्नेछ ।

२३. **गाभिएका वा बन्द भएका विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाको निर्णय अनुसार उपयोग गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन

गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सङ्घीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति सङ्घीय सरकारको स्वीकृतिबेगर बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद-६
## नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

२४. **नगर शिक्षा समिति :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ :

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको उप-प्रमुख - सदस्य

(ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) नगरकार्यपालिकाले तोकेको नगर सभाका दलित महिला सदस्यहरुमध्येबाट एकजना - सदस्य

(च) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर कार्यपालिकालेमनोनित गरेकोएकजना- सदस्य

(छ) नगर प्रमुखले मनोनितगरेका शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक विद्यालयका प्रधानाध्यापक एकजना र स्थायी शिक्षकहरु मध्येबाट एकजना महिला सहित दुई जना गरी जम्मा तीन जना

(ज) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(झ) शिक्षक महासंघको नगर अध्यक्ष वा महासंघले छानी पठाएको प्रतिनिधि एकजना - सदस्य

(ञ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमी वा बुद्धिजिवीहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एकजना - सदस्य

(ट) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा(१) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षकोहुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ। यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ।

(४) नगर शिक्षा समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ

(५) बैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(६)शिक्षा समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

**(७) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजनामाथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखामार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउन त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदनअनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाइ कार्यान्वयन गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाइ विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) नगर स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(न) नगरपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने ।

(प) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाइ तथा शौचालयको मापदण्ड तोक्ने।

(फ) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने ।

(ब) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने ।

२५. **वडा शिक्षा समिति :** (१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडाका वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिको बैठकले तोकेको दुईजना - सदस्य

(ग) सम्बन्धित वडाका प्रधानाध्यापकहरु मध्ये बाट नगर प्रमुखले तोकेको प्रधानाध्यापक एकजना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट संयोजकले तोकेको एकजना सदस्य - सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरू मध्येबाट संयोजकले तोकेको एकजना महिला सहित दुईजना- सदस्य

(च) संस्थागत विद्यालयका संस्थापक, सञ्चालक र प्रिन्सिपल मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(छ) सम्बन्धित वडामा कार्यरत वडा सचिव - सदस्य सचिव

(२)वडा शिक्षा समितिको बैठक प्रत्येक महिनाको अन्त्यमा अनिवार्य रुपमा बस्नु पर्नेछ ।

**(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) बाल क्लबको व्यवस्थापन गर्ने,

(ख) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन गर्ने,

(ग) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र तथा बाल संजालको संचालन र व्यवस्थापन गर्ने,

(घ) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(ङ) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(च) विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,

(छ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(ज) नगरपालिकाले तोकिएको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(ञ) विद्यालय संचालनको लागि प्राप्त स्रोत साधनको परिचालन गर्ने,

(ट) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने र राख्न लगाउने,

(ठ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अध्यावधिक गराई राख्ने,

(ड) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक तथा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

## परिच्छेद–७
## विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

२६. **सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य एक जना

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना

(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना- सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक छात्र र एकजना छात्रा गरी दुईजना आमन्त्रित सदस्य हुनेछन।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा उद्योग वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा

अध्यक्षको अनुपस्थितिमा सो समितिको उमेरको हिसाबले सबैभन्दा जेष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ ।

(६) विद्यमान व्यवस्थापन समितिको म्याद सिद्धिनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगरपालिकाले गर्नेछ ।

(७) नगरपालिकाका शिक्षा अधिकृत/विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गरिनेछ ।

(८) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट तथा सिफारिस गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाइ तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको विद्यालय सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने, शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाइ लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराइ राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराइ विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने

(ण) नगरपालिकाबाट तोकिएको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विभिन्न संस्था तथा निकायबाट विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको चेकजाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेखहरू सुरक्षितसाथ राख्ने,

(न) नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिका तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद तथा जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाइ शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्ने,

(य) नगरपालिका, शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाइ पुरस्कृत गर्ने ।

(ल) विद्यालयको पढाइ व्यावहारिक, सीपमूलक र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ।

(व) विद्यालयमा संचालन भएका शैक्षिक कार्यक्रमहरूको हरेक वर्ष सार्वजनिक तथा सामाजिक परीक्षणगराउने,

२७. **संस्थागत विद्यालय व्यवस्थापन समिति गठन :** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका संस्थापक वा लगानी कर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा नगर

शिक्षा समितिले मनोनित गरेको व्यक्ति

(ख) सम्बन्धित वडाका अध्यक्ष वा निजले मनोनित गरेको एकजना सदस्य- सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) अभिभावकहरूमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुईजना - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

ख) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने,

ग) शिक्षकलाई नियुक्ति पत्र दिने, सरकारी स्केलमा नघट्ने गरी तलब भत्ता खुवाउने,

घ) शिक्षा ऐन, दफा तथा कार्यविधिले तोके अनुसार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने,

ङ) नगरपालिकाले तोकेको सीमा भित्र रही शुल्क निर्धारण गर्ने र कार्यान्वयन गर्ने,

च) नगरपालिकाले मागेका र नियमित बुझाउनु पर्ने विवरण बुझाउने,

छ) नगरपालिकाले खटाइ पठाएको लेखा परीक्षकबाट लेखापरीक्षण गराउने,

ज) स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्ने,

झ) जिम्मेबार पदाधिकारी र निकायवाट प्राप्त हुने सुझाव तथा निर्देशनको पालना गर्ने गराउने,

२८. **<u>सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि र राजीनामा स्वीकृत सम्बन्धमाः</u>** (१) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिमा छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(२) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

२९. **<u>विद्यालय व्यवस्थापन समितिको विघटन :</u>** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुर्याइ विघटन गर्न

सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न प्रधानाध्यापकले गरेको सिफारिस अनुसार नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

३०. **व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्नेछः

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा नरहेको

(च) सरकारी ,अर्ध सरकारी वा गैरसरकारी संघ संस्थामा लाभको पदमा बहाल नरहेको

(छ) आधारभूत विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तिमा आठ कक्षा र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तिमा बाह्र कक्षा उत्तीर्णगरेको

तर त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ र सो समितिको अध्यक्ष र सदस्यको उम्मेदवार तोकिएकोभन्दा बढी भएमा बहुमतको आधारमा छनौट गरिनेछ ।

३१. **व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्था :** (१) कुनै कारण विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएमा समाप्त भएको मितिले १५ दिनभित्र अभिभावकहरुको भेला गराउनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम अभिभावक भेला गराउनु तीन दिन अघि उपदफा (३) बमोजिमको समितिले अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित शिक्षा शाखाको कर्मचारीको संयोजकत्वमा प्रधानाध्यापक र वडा अध्यक्ष रहेका तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

३२. **अभिभावक राख्न नहुने :** (१)विद्यालयले विद्यार्थीका बाबु, आमा, दाजु, भाइ, दिदी बहिनी, बाजे, बज्यै वा विद्यार्थीको पालन पोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्ति बाहेक अन्य व्यक्तिलाई अभिभावकको रुपमा राख्न हुँदैन ।

तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि जम्मा पढाइ भएको दिनमध्ये कम्तिमा ७५ प्रतिशत विद्यालयमा हाजिर भई

नियमित रुपमा अध्ययन गरेको विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यैलाई मात्र अभिभावक मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिभावकको विद्यार्थी कुनै किसिमको विद्यालयमा दोहोरो नामाङ्कन गराइएको जानकारी प्रमाण सहित फेला परेमा सो अभिभावकको सदस्यता विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा खारेज हुनेछ ।

३३. **व्यवस्थापन समितिको सदस्य हुन उपलब्ध गराउनु पर्ने रकम, घर वा जग्गा :** दफा २६ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि सामुदायिक विद्यालयलाई पचास हजार रुपैयाँभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दा दाताहरुमध्ये सबभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने व्यक्तिलाई व्यवस्थापन समितिको सदस्यमा मनोनित गर्नु पर्नेछ ।

३४. **व्यवस्थापन समितिको बैठक सम्बन्धमा :** (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(२) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

३५. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :** (१) विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एकजना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ र सो समितिको अध्यक्ष सोही समितिले आपसी सहमतिमा छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक अनिवार्य बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावकबीच नियमित अन्तरक्रिया गर्ने ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाइ गर्नु पर्नेछ ।

## परिच्छेद-८
## विद्यालयको नामाकरण

३६. **विद्यालयको नामाकरण :** (१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ । विद्यालयको नामको अन्तमा तह र तह पछि "विद्यालय" शब्द राखिएको हुनुपर्नेछ ।

(२) संस्थागत विद्यालयले आफ्नो नाममा "पब्लिक" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ । कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "नेसनल" शब्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "इन्टरनेशनल" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई संख्यामा विदेशी विद्यार्थी अध्ययनरत हुनुपर्नेछ । संस्थागत विद्यालयको नामको अन्तमा "विद्यालय", "स्कूल" वा "पाठशाला" शब्द जोडिएको हुनुपर्नेछ ।

(३) विद्यालयको लेटर प्याड तथा साइन बोर्डमा विद्यालयको पूरा नामको तल दोस्रो हरफमा सञ्चालित कक्षा खुल्ने गरी कोष्ठमा कक्षा देखि सम्म उल्लेख गर्नुपर्नेछ ।

(४) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्टकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ ।

(५) तर यो उपदफा लाग हुनु अगावै यस दफा विपरितका शब्दहरु जोडिई नामाकरण भै सकेका विद्यालयको हकमा यो ऐन जारी भएपछिको दोस्रो शैक्षिक शत्रको सुरुदेखि नै लागु हुने गरी उपयुक्त व्यवस्था पालना वा पुनर्नामाकरण गर्नु पर्ने छ ।

(६) आधारभूत शिक्षा र माध्यमिक शिक्षा सञ्चालन विद्यालयले आफ्नो साइन बोर्ड वा लेटर प्याडमा विद्यालयको पूरा नाम र सञ्चालित कक्षाजस्तै : श्री जनता राष्ट्रिय आधारभूत (०-५) विद्यालय खुलाउनु पर्नेछ ।

(७) विद्यालयको नामाकरण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

३७. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व :** (१) यो ऐन प्रारम्भ हुँदाको बखत विद्यालयको स्वामित्व वा हक भोगमा रहेको वा यो ऐन प्रारम्भ भएपछि विद्यालयले प्राप्त गरेको सम्पूर्ण जग्गा-जमिन वा चल-अचल सम्पति विद्यालयको सम्पति मानिने छ। सामुदायिक विद्यालयको हकभोगमा रहेको जग्गा-जमिन तथा सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। नेपाल सरकारको स्वीकृति बिना विद्यालयको चल, अचल सम्पति विद्यालयको कुनै किसिमले हक छाडी कसैलाई दिन सकिने छैन । शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ ।

३८. **सामुदायिक विद्यालयको सम्पत्तिको अभिलेख :** (१) विद्यालयको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको सुरक्षा गर्ने र सम्बन्धित निकायबाट समयमै अभिलेख प्रमाणित गराई सुरक्षित राख्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा (१) बमोजिमको सम्पत्तिको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ र सोको लगत सङ्कलन तथा अध्यावधिक तथा सार्वजनिक गर्ने जिम्मेवारी शिक्षा शाखाको रहनेछ ।

३९. **सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन :** (१) नगर कार्यपालिकाको पूर्व स्वीकृति नलिई सार्वजनिक विद्यालयको नाममा रहेको जग्गा बिक्री वा धितो राख्न वा सट्टापट्टा गर्न पाइने छैन ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न वा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

(३) मनासिब कारण परी विद्यालयको सम्पति बेचविखन वा सट्टा पट्टा गर्नु परेमा स्कृतिको लागि सम्बन्धित विद्यालयले त्यसको कारण खुलाई वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा अनुरोध गर्न सक्नेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थाबाट दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(५) नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृतिबेगर बेचविखन गर्न पाइनेछैन ।

४०. **विद्यालयलाई छुट र सुविधा :** (१) नगरपालिकामा सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नगरपालिकाले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१०
## विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यपुस्तकको वितरण

४१. **शिक्षाको गुणस्तर अभिवृद्धि :** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्नु आफ्नो प्रमुख जिम्मेवारी रहेको कुरा बोध गरी प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्नेछ र शिक्षण मैत्री वातावरणमा सहज रुपमा पठन पाठन हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार, मानव स्रोत तथा अन्य आवश्यक सुविधा जुटाउने वा व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(३) उपदफा (१) बमोजिम पठन-पाठन गर्दा वा गराउँदा सम्बन्धित विषयको प्रकृति अनुसार सामुदायिक कार्य खोज-अनुसन्धान, पुस्तकालय भ्रमण, प्रयोगशाला परीक्षण वा व्यावहारिक-अभ्यास जस्ता सक्रिय सिकाइका माध्यम समेत अपनाउनु पर्नेछ ।

(४) विद्यालय वा शिक्षण संस्थाले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विना भेदभाव सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा, शैक्षिक सुविधा तथा उपचारात्मक शिक्षणका वैकल्पिक अवसरहरु उपलब्ध गराउनु पर्नेछ।

(५) विद्यालय वा शिक्षण संस्थाले प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर प्रकाशन गरी सोही अनुसार विद्यार्थी भर्ना गर्ने, पठनपाठन सुचारु गर्ने, अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने, सुधारात्मक तथा निर्णयात्मक मूल्याङ्कन गर्ने, परीक्षाफल प्रकाशन गर्ने र नतिजाको विश्लेषणका कार्यहरु सञ्चालन गर्नुपर्नेछ ।

(६) विद्यालयमा गुणस्तरीय शिक्षाको मापदण्ड तथा शर्तहरु कार्यान्वयन गर्नका लागि शिक्षा शाखाले विद्यालयका प्रधानाध्यापक तथा प्रधानाध्यापकले शिक्षकहरुलाई करार सम्झौता गराउन सक्नेछ ।

(७) मनासिव कारणबिना उपदफा (६) बमोजिमको करार अनुसारको कार्य सम्पादन हुन नसकेमा सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको प्रमुख जिम्मेवार हुनेछ ।

(८) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड तथा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(९) विद्यालय वा शिक्षण संस्थाको जिम्मेवारी तथा कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालयको भौतिक, शैक्षिक तथा वातावरणीय पक्षको अनुगमन/

अवलोकन गरी उचित सर सल्लाह गर्न देहायका एक अनुगमन तथा सुझाव समिति रहनेछ :

(क) नगर प्रमुख वा नगर उप-प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सदस्य

(ङ) शिक्षा शाखाको कर्मचारी - सदस्य सचिव

(११) प्रत्येक दुई महिनामा कम्तिमा एक पटक विद्यालयहरुको उपदफा (१०) बमोजिमको समितिले अनुगमन गरिनेछ र अनुगमनमा खटिए बापत नगरपालिकाको नियमानुसार अनुगमन भत्ता उपलब्ध गराइनेछ ।

४२. **विद्यालयको वर्गीकरण सम्बन्धी व्यवस्था :** (१) विद्यालयलाई अनुसूची- ४ मा उल्लेखित आधारमा देहाय बमोजिम चार श्रेणीमा वर्गीकरण गरिनेछ :-

(क) "क" श्रेणीको विद्यालय

(ख) "ख" श्रेणीको विद्यालय

(ग) "ग" श्रेणीको विद्यालय

(घ) "घ" श्रेणीको विद्यालय

(२) उपदफा(१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची - ४ मा उल्लिखित मापदण्डका आधारमा आफूले के कस्तो किसिमको सुविधा उपलब्ध गराएको हो सो स्पष्ट खुलाई शैक्षिक सत्र सुरु भएको १५ दिनभित्र शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख समक्ष निवेदन दिनु पर्नेछ,

(३) प्राप्त निवेदनको आधारमा विद्यालय वर्गीकरणको लागि नगर शिक्षा समितिमा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ :

(क) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि - संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ग) नगर प्रमुखले मनोनित गरेको शिक्षकहरुको पेशागत संस्थाका प्रतिनिधि एकजना - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिस समेतलाई जाँचबुझ गरी नगर शिक्षा समितिले अनुसूची-४ को अधिनमा रही विद्यालयको वर्गीकरण गर्नेछ ।

(५) विद्यालय वर्गीकरणको आधारमा तह अनुसार उत्कृष्ट स्थान ल्याउने विद्यालयहरुलाई तोकिए बमोजिमको पुरस्कार प्रदान गर्न सकिन्छ ।

४३. **पाठ्यपुस्तकको प्रयोग :** (१) विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम बमोजिम अपेक्षित सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

(२) विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकको प्रयोग प्रचलित कानुन र पाठ्यक्रम बमोजिम हुने छ ।

(३) नगरपालिकाले सङ्घीय र प्रदेश कानुन बमोजिम आफ्नो विशिष्ट

आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम वा पूरक अध्ययन सामग्री वा स्रोत सामग्री तयार गरी पठनपाठन गराउन सक्ने छ । सो प्रयोजनका लागि नगरपालिकाले शिक्षा शाखाबाट स्थानीय पाठ्यक्रम विकास गर्न सक्नेछ ।

(४) स्थानीय पाठ्यक्रम विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **बहुपाठ्यपुस्तकको प्रयोग :** (१) नगरपालिकाले विद्यालय तहको पाठ्यक्रम अनुसार नेपाली, अङ्ग्रेजी, संस्कृत र अन्य स्थानीय भाषामा समेत विभिन्न विषय र विभिन्न प्रकारका पाठ्यपुस्तकको विकास गरी पठनपाठनमा चयनको अवसर वृद्धि गर्न सक्नेछ ।

(२) उपदफा (१) लागि नगरपालिकाले बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाउने छ ।

(३) बहुपाठ्यपुस्तक नीति कार्यान्वयनका लागि केन्द्रले छुट्टै कार्यविधि जारी गर्ने छ ।

४५. **पाठ्यपुस्तकको वितरण :** (१) समयमै पाठ्यपुस्तक वितरण व्यवस्थापनमा समन्वय गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) नगरपालिकाले विद्यालयलाई पाठ्यपुस्तक वापत अनुदानका रूपमा उपलब्ध गराएको एकमुष्ठ रकमबाट विद्यालयले शैक्षिक सत्रको प्रारम्भमै पाठ्यपुस्तक वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसार पाठ्यपुस्तक वितरण गर्दा नेपाल सरकारले निशुल्क पाठ्यपुस्तक पाउने भनी तोके अनुसारका कक्षामा भर्ना भएका सबै विद्यार्थीलाई सेटमा नै निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालयले विद्यार्थीहरूलाई नयाँ पाठ्यपुस्तक वितरण गर्नुभन्दा पहिले अघिल्लो वर्ष निजहरूलाई वितरित पाठ्यपुस्तकहरू फिर्ता लिई उपयोग गर्न योग्य पुस्तकहरू पुस्तकालय वा पुस्तक कुना ( बुक कर्नर ) मा राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(५) विद्यालयले पाठ्यपुस्तक वितरण गरेको विवरण शैक्षिक सत्र शुरु भएको दुई महिनाभित्र सार्वजनिक सूचना टाँस गरी सरोकारवालालाई जानकारी गराउनु पर्नेछ । यस्तो सूचनामा पाठ्यपुस्तकको लागि प्राप्त रकम, पुस्तक खरीदको विवरण, (विक्रेताको नाम र स्थान समेत), पुराना पुस्तक फिर्ताको विवरण समेत हुनुपर्नेछ र त्यसको एकप्रति शिक्षा शाखामा पठाउनु पर्ने छ ।

(६) उपदफा (२) र (३) मा उल्लिखित प्रयोजनका लागि नगरपालिकाले सम्बन्धित कार्यालयमा शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगाव सामुदायिक विद्यालयहरुमा अघिल्लो शैक्षिक सत्रको वार्षिक परीक्षामा सहभागी भएका विद्यार्थी संख्यालाई आधार मानी सामुदायिक विद्यालयहरूको खातामा एकमुष्ट अनुदान निकासा गरिसक्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(७) विद्यार्थीबाट फिर्ता लिइएका प्रयोग गर्न योग्य पुस्तकहरु पुस्तकालय

तथा पुस्तक कुनामा राख्ने व्यवस्था मिलाउने र जीर्ण भएका पुस्तक तथा अन्य सामग्री शिक्षा शाखाका कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रोहबरमा निर्णय गराई धुल्याउने व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद – ११
## सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

४६. **शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान :** (१) नगरपालिकाले प्रचलित नियम कानुनको अधिनमा रही नगरपालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहत तथा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षकहरु र कर्मचारीको दरबन्दी मिलान गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा आवश्यक मापदण्डसहित तोकिए बमोजिम विद्यार्थी शिक्षक अनुपात निर्धारण गर्नु पर्नेछ ।

(३) दरबन्दी मिलानको समयमा नगर शिक्षा समितिले नगरपालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहतका शिक्षक तथा कर्मचारीहरुको सरुवा वा काज सरुवा गर्न शिक्षा विकास तथा समन्वय इकाइलाई सिफारिस गर्ने तर नगरपालिकाको अनुदानमा नियुक्त शिक्षक तथा कर्मचारीहरुको सरुवा वा काज सरुवा नगर शिक्षा समितिले आवश्यक्ता अनुसार गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिले गरेको सिफारिसको आधारमा शिक्षा विकास तथा समन्वय इकाइले सात दिनभित्र ती शिक्षक तथा कर्मचारीहरुको सरुवा तथा काज सरुवा गर्न नसकिएमा नगर शिक्षा समितिले सो कार्य गर्न सक्नेछ ।

(५) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी थप व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१२
## विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन

४७. **विद्यालयको नक्साङ्कन :** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिस तथा नगर शिक्षा समितिको निर्णय बमोजिम विद्यालयको सेवा क्षेत्रको नक्साङ्कन गर्न सक्नेछ ।

(२) विद्यालयको सेवा क्षेत्रको आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

४८. **विद्यालयको समायोजन, अनुमति र स्वीकृति :** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई दुरी, विद्यार्थी संख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, तह वा कक्षा घटाउन वा एक ठाउँबाट अर्को ठाउँमा सार्न वा

आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र(२)सम्बन्धीथप व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१३
## सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन

४९. <u>सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन :</u> (१) विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्दा विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु अघि आवश्यक भवन तथा अन्य भौतिक पूर्वाधार संरचनाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा अन्तर्गत विद्यालय वा शिक्षण संस्थाले प्रयोग गर्ने शिक्षाको स्तर तथा प्रकृति अनुसार उपयुक्त विज्ञान तथा भाषा प्रयोगशाला, संग्रहालय, व्यावहारिक शिक्षाको लागि कार्यशाला, विद्युत आपूर्ति तथा वितरण, सूचना प्रविधि, श्रव्यदृश्य उपकरण, मेशिन तथा औजारको प्रबन्ध हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पूर्वाधार विद्यालयको तह, भौगोलिक वातावरण, विद्यार्थीको उमेर र संख्या, अध्ययन अध्यापन हुने विषय, समावेशिता तथा समसामयिक आवश्यकता अनुकूल हुनुपर्ने छ।

(४) उपदफा (१) बमोजिमको सुविधा तथा पूर्वाधार विद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षक वा कर्मचारी, अध्ययनरत विद्यार्थी वा विद्यालय वा शिक्षण संस्था भ्रमण गर्ने आगन्तुकले विद्यालयमा निःशुल्क र सहजै प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्नेछ ।

(५) विद्यालयले आफ्नो स्वामित्व रहेको हाता वा जग्गाजमिनमा कुनै किसिमको भौतिक पूर्वाधार निर्माण गर्नुअघि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ ।

(६) विद्यालयको पूर्वाधारको, संरचना, मापदण्ड तथा मर्मत सम्भार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १४
## आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

५०. <u>परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन :</u> (१) आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख

व्यवस्थापन सम्बन्धी कार्य आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड २०७७ को परिधि भित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरुपता कायम हुने गरी परीक्षा समिति मार्फत परीक्षा संचालन गर्नु पर्नेछ.

## परिच्छेद - १५
## विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

५१. **विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण :** (१) विद्यार्थीका सिकाइ स्तर मापन, शिक्षाको प्रभावकारिताको लेखाजोखा र गुणस्तर सुधार तथा क्षमता अभिवृद्धिका लागि नगरपालिकामा रहेका विद्यालयका सबै तह र कक्षाका विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गरिनेछ ।

(२) शिक्षण सिकाइमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु, विद्यार्थीको तह र योग्यता प्रमाणित गर्नु र विद्यार्थीको सिकाइ उपलब्धिमा आएको परिवर्तन र प्रवृत्ति अध्ययन गर्नु सिकाइ उपलब्धि परीक्षणको मुख्य उद्देश्य हुनेछ ।

(३) आधारभूत तह कक्षा १-७ का विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सिकाइ उपलब्धी परीक्षण समिति रहनेछ ।

(क) विद्यालयको प्रधानाध्यापक - अध्यक्ष

(ख) विद्यालयको सबै कक्षा र विषयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तिमा तीनजना महिला सहित सातजना - सदस्य

(ग) प्रधानाध्यापकले तोकेको सम्बन्धित तहको जेष्ठ शिक्षक - सदस्य सचिव

(४) उपदफा(३) बमोजिमको सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपदफा(३) बमोजिमको समितिले विद्यार्थिको सिकाइ उपलब्धी परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ ।

## परिच्छेद - १६
## निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

५२. **निःशुल्क शिक्षा :** (१) सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ ।

(२) निःशुल्क शिक्षा सम्बन्धी थप व्यवस्था र प्रक्रिया प्रचलित ऐन नियम तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ ।

(३) संस्थागत विद्यालयहरूले संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिमको प्रक्रिया पूरा गरी भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नु पर्नेछ ।

(५) प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।

५३. **विद्यार्थी प्रोत्साहन तथा छात्रवृति :** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन र उनीहरुको पढाइ लेखाइमा प्रोत्साहनका लागि पढाइलेखाइ र खेलकुदका सामग्रीको वितरण, प्रयोगशाला र खेलकुदको भौतिक पूर्वाधार निर्माण, सुचना प्रविधिका उपकरणमा पहुँच, स्वास्थ्य परामर्श र उपचार तथा आर्थिक रुपमा विपन्न र अपाङ्गता भएका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति र दिवा खाजाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यार्थी प्रोत्साहनको व्यवस्था र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १७

## ट्युसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

५४. **विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति :** (१) गणेशमान चारनाथ नगरपालिका भित्र कसैले पनि अनुमति नलिई विद्यालय बाहिर आमने-सामने वा दुर शिक्षा वा अनलाइन-अफलाइन विधिमा सञ्चालन हुने शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, कोचिङ क्लास, ट्युसन सेन्टर, भाषा कक्षा, पेसागत सेवाको छनौट सम्बन्धी परीक्षाको पूर्वतयारी कक्षा, सिर्जनात्मक कलासम्बन्धी पाठशाला, होस्टल, खेलकुद र अन्य कुनै पनि प्रकारका अध्यापन सेवा वा सहयोग केन्द्र वा शैक्षिक संस्था सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) बमोजिमको अध्यापन सेवा तथा शैक्षिक संस्था सञ्चालन गर्न वडा कार्यालयको सिफारिस सहित शिक्षा शाखामा निवेदन दिएमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई शर्त तोकी त्यस्तो अध्यापन सेवा प्रदान गर्ने अनुमति सक्नेछ ।

(३) दफा (२) बमोजिमका विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा वा सहयोग केन्द्र सञ्चालन गर्न चाहने वा यसअघि नगरपालिकामा दर्ता भई वा नभई सञ्चालनमा रहेका सबै संस्थाहरुले शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै कक्षा सञ्चालन सम्बन्धी प्रस्ताव सहित तोकिएको ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(४) दफा (१) मा उल्लिखित शैक्षिक संस्थाहरुले अनुमति लिई सके पछि प्रत्येक वर्ष लेखा परीक्षण गराई नवीकरण गर्नु पर्नेछ ।

(५) दफा (१) बमोजिमका संस्थाले लिनुपर्ने अनुमति सम्बन्धी थप व्यवस्था कार्यविधिबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१८

## स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण

५५. **स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको पहिचान :** (१) गणेशमान चारनाथ नगरपालिका क्षेत्रमा रहेका स्थानीय तथा परम्परागत ज्ञान र सीपहरुको पहिचान गरी विद्यालयमा स्थानीय पाठ्यक्रम वा पाठ्सामग्री वा पूरक अध्ययन सामग्रीका रुपमा विकास गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार हुने ज्ञान, सिप र प्रविधि सम्बन्धी पाठ्यसामग्री जीवनोपयोगी, व्यावहारिक, सूचनामूलक र नागरिकको बौद्धिक तथा समग्र व्यक्तित्व विकास गर्ने प्रकृतिको हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तयार गरिएको सामग्रीलाई विद्यालय शिक्षा वा अनौपचारिक शिक्षामा पठनपाठनका लागि प्रयोग गर्न गराउन सकिने छ । (३) दफा (१) सम्बन्धमा दफा (३८) को उपदफा

(४) बमोजिम गठन हुने स्थानीय पाठ्यक्रम विकास केन्द्रको स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण सम्बन्धी कार्यविधिले व्यवस्था गरेबमोजिम हुनेछ ।

## परिच्छेद - १९

## स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन

५६. **स्थानीय पुस्तकालय र वाचनालयको स्थापना :** (१) नगरपालिकाका नागरिकहरुमा पठन संस्कृतिको विकास गर्न र जीवन पर्यन्त सिकाइलाई सघाउन नगरपालिकमा पुस्तकालयको स्थापना गर्न सक्नेछ ।

(२) प्रत्येक वडामा एक, एक वटा वाचनालयको स्थापना गर्न सक्नेछ ।

(३) यो ऐन जारी हुनुभन्दा पहिले स्थापना भएका पुस्तकालयहरुलाई आधुनिकीकरणका लागि आवश्यकता हेरी अनुदान दिन सक्नेछ ।

(४) पुस्तकालयको स्थापना सञ्चालन तथा उपदफा(३) बमोजिमको अनुदान सम्बन्धी व्यवस्था नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद - २०

## माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

५७. **माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन :** (१) नगरपालिकाले प्रचलित कानुन बमोजिम गठित नगर र वडा शिक्षा समिति, विद्यालय व्यस्थापन समिति, तथा शैक्षिक संस्थाहरुलाई निर्देशन दिन सक्नेछ ।

(२) नगरपालिकाले दिइएको निर्देशनको पालना गर्नु उपदफा (१) बमोजिमका समिति र संस्थाको कर्तव्य हुनेछ ।

(३) नगरपालिका क्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा केन्द्र तथा पुस्तकालयहरुले नगरपालिकासँग सम्पर्क र समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका संस्थाहरुमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम समन्वय र नियमन गर्न सक्नेछ :

(क) विवाद तथा समस्या समाधनमा समन्वय र सहजीकरण गर्न ।

(ख) सङ्घीय तथा प्रदेश निकायहरुबाट सञ्चालन हुने कार्यक्रममा समन्वय र सहजीकरण गर्न ।

(ग) कार्यक्रमहरुको नीति नियम तर्जमा गर्न कार्यविधि तथा मापदण्ड जारी गर्न ।

(५) यो ऐन र अन्तरगत बनेका नियमावली, कार्यविधि, मापदण्ड र नगरपालिका वा सम्बन्धित पदाधिकारीले दिएको निर्देशन वा परिपत्र विपरित काम गरेमा त्यस्तो विद्यालय वा शैक्षिक संस्थालाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

(६) राष्ट्रिय परीक्षा बोर्डद्वारा संचालित कक्षा १० को अन्तिम परीक्षालाई लक्षित गरी Test परीक्षा संचालन गर्न देहायको एक परीक्षा समिति रहनेछ :

(क) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - अध्यक्ष

(ख) माध्यमिक तह कक्षा १० संचालित सामुदायिक विद्यालयहरुको प्रधानाध्यापक/प्राचार्य - सदस्य

(ग) नगर प्रमुखले मनोनय गरेको पेशागत संघ संस्थाको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखाको सहायक कर्मचारी - सदस्य सचिव

(७) उपदफा (६) बमोजिम मनोनित सदस्य सचिवको पदावधि दुई वर्षको हुनेछ ।

(८) उपदफा (६) बमोजिमको परीक्षा समितिले विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ ।

## परिच्छेद – २१

## सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

५८. <u>सामुदायिक विद्यालयलाई दिने अनुदान प्रक्रिया :</u> (१) नेपाल सरकार वा प्रदेश सरकार वा

नगरपालिकाबाट विद्यालयको लागी प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई अनुदानका रुपमा विद्यालयको संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) त्यस्तो अनुदान बाँफाँड गर्ने आधार तोकिएबमोजिम हुनेछ ।

(३) विद्यालयको पूर्वाधार विकास गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाले शर्त तोकी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयलाई समेत अनुदान दिन सक्नेछ ।

(४) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि सामुदायिक विद्यालयलाई ससर्त वा निशर्त अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ । विद्यालयले तोकिएको अवधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्नसकिने छ ।

(६) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका र खर्च गर्ने आधार (नर्म्स) जारी गर्न सक्नेछ । विद्यालयले त्यस्तो निर्देशिकाको पालना गरी खर्च गर्नुपर्नेछ ।

(७) विद्यालयको कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) विद्यालयको आयव्यको लेखा तथा विद्यालयको शैक्षिक विवरण नगरपालिकाबाट खटाएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्ने छ । यसरी जाँचबुझ गर्दा कर्मचारीले माग गरेको विवरण उपलब्ध गराउनु विद्यालयको कर्तव्य हुनेछ ।

५९. **विद्यालयको आयव्ययको लेखा र अनुशासन :** (१) विद्यालयले प्रचलित कानूनको अधिनमा रही दोहोरो लेखा प्रणाली सिद्धान्त अनुसार वार्षिक आयव्ययको लेखा राख्नु पर्नेछ । लेखा अनुशासन कायम गर्नु हरेक विद्यालयको कर्तव्य हुनेछ ।

(२) विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६०. **शिक्षा विकास कोष :** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

६१. **कोष सञ्चालक समिति :** (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६२. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

६३. **अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र अनुपात तथा मापदण्डका आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएता पनि मुनाफा कमाउने उद्देश्य नलिई सञ्चालित सार्वजनिक गुठीलाई नगरपालिका वा अन्य कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट अनुदान प्राप्त गर्न बाधा पर्नेछैन ।

तर त्यस्तो अनुदान प्राप्त गर्नुअघि नगरपालिकाको अनुमति लिनुपर्नेछ ।

६४. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान :** नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

६५. **शुल्क सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । शुल्क निर्धारण सम्बन्धमा विद्यालयले उपलब्ध गराएको शैक्षिक भौतिक तथा अन्य सुविधाको विवरणका आधारमा नगरपालिकाले स्वीकृति दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद - २२
## शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

६६. **शिक्षण सिकाइको न्युनतम शिक्षण अवधि :** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थामा पठन हुने शिक्षण अवधि विद्यालयमा भए कम्तिमा दुई सय बीस दिन र शिक्षण संस्थामा भए प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । तर दैनिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिसम्म विद्यालय वा शिक्षण संस्थामा पठन पाठनको व्यवस्था मिलाउने, विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्ने वा गराउने र त्यसको अनुगमन गर्ने जिम्मेवारी विद्यालय भए सम्बन्धित स्थानीय तह र शिक्षण संस्था भए सम्बन्धित शिक्षण संस्थाको प्रमुखको हुनेछ ।

६७. **शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास :** (१) शिक्षक र कर्मचारीको पेसागत क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था शिक्षा सम्बन्धी संघ, प्रदेश र स्थानीय कानूनले व्यवस्था गरे अनुरुप हुनेछ ।

(२) नगरपालिका क्षेत्रिभत्र रहेका विद्यालयका शिक्षक र कर्मचारीहरुको पेसागत क्षमता विकासका लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका कुनै पनि प्रकारको तालिम दिन बाधा पर्ने छैन ।

६८. **विद्यालयका कर्मचारी :** (१) विद्यालयमा शिक्षक बाहेक आवश्यक संख्यामा कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिम कर्मचारी खुला प्रतिस्पर्धाबाट प्रचलित कानुन तथा कार्यविधि बमोजिम सम्बन्धित विद्यालयबाट नियुक्ति हुनेछन् ।

(३) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त स्थानीय तहले बनाएका कानून बमोजिम हुनेछन् । तर त्यस्ता कर्मचारीको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम हुन सक्ने छैन ।

६९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जनसकै करा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

७०. **अध्यापन अनुमतिपत्र :** (१) विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

७१. **शिक्षकको पेशागत महासंघ सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिमको साझा सङ्गठनको रुपमा एक शिक्षक महासंघ रहनेछ ।

७२. **स्थायी आवासीय अनुमति लिन नहुने :** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।

(२) स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

७३. **शैक्षिक योग्यता :** (१) कसैले पनि कुनै पनि वहानामा तोकिएको शैक्षिक योग्यता तथा मापदण्ड पूरा नगरी विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ता भई कार्य गर्नु हुँदैन ।

(२) विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता प्रचलित कानुनमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - २३
## अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

७४. **<u>अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :</u>** (१) विद्यालयहरूले नियमित रुपमा विद्यार्थीमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउन सहयोग पुग्ने किसिमका सह तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

(२) सहक्रियाकलापहरु दैनिक पठनपाठनको विषयवस्तुमा आधारित हुनु पर्नेछ ।

(३) विद्यालयहरूले प्रत्येक शुक्रबार अपराह्न पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

(४) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालयहरु बीचमा प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सचालन गर्नुपर्नेछ ।

(५) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- २४
## विविध

७५. **<u>नाबालक छोराछोरीलाई शिक्षा दिक्षा :</u>** (१) हरेक नाबालक छोराछोरीका लागि विद्यालय शिक्षा अनिवार्य हुनेछ ।

(२) नाबालक छोराछोरीलाई शिक्षा विद्यालय शिक्षामा भर्ना गराउनु हरेक अभिभावकको कर्तव्य हुनेछ ।

(३) कसैले नाबालक छोराछोरीलाई शिक्षा दिक्षा नदिएको विषय हेर्ने न्यायिक अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिम हुनेछ ।

७६. **<u>नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार :</u>** (१) यसै ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यक बमोजिम नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

७७. **<u>बाधा अडकाउ फुकाउने अधिकार :</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

७८. **<u>बचाउ र लागू नहुने :</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय तथा कार्यवाही गर्न बाधा पर्नेछैन ।

अनुसूची - १

(दफा १६ सँग सम्बन्धित)

विद्यालय खोल्ने र कक्षा वा तह थप गर्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गणेशमान चारनाथ नगरपालिका,
विरेन्द्रबजार, धनुषा, नेपाल

विषय : अनुमति सम्बन्धमा ।

महोदय,

शैक्षिक सत्र .................देखि.................तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको:

१. नाम :

२. ठेगाना : गणेशमान चारनाथ न.पा..................वडा नं...........गाउँ र टोल
फोन............................फ्याक्स नं. ......................

३. किसिम :

(१) सामुदायिक

(२) संस्थागत : (अ) निजी शैक्षिक गुठी
(आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा :

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा :

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :

१. भवनको :

(१) संख्या : (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

२. कोठाको विवरण :

| कोठाको संख्या | लम्बाई | चौडाई | उचाई | झ्याल ढोकाको अवस्था | प्रकाश बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. फर्निचरको संख्या :

(१) डेस्क................. (२) बेञ्च.............. (३) टेबल..............

(४) दराज................ (५) मेच............... (६) अन्य.................

४. खेलकुद मैदानको अवस्था र जग्गा : (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या : (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने

६. खानेपानीको अवस्था :

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या :

८. प्रयोगशाला : सामग्री :

९. सवारी साधनको विवरण :

१०. शैक्षिक सामग्रीको विवरण :

(ग) विद्यार्थी संख्या : (प्रस्तावित)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | | | | | | | | | | |
| संख्या | | | | | | | | | | |

(घ) शिक्षक संख्या : (प्रस्तावित)

(ङ) आर्थिक विवरण : (प्रस्तावित)

१. अचल सम्पत्ति :

२. चल सम्पत्ति :

३. वार्षिक आम्दानी :

४. आम्दानीको स्रोत :

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :

नाम :

ठेगाना :

मिति :

संलग्न गर्नु पर्ने कागजातहरु :

(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्बन्धित वडा शिक्षा समितिको सिफारिस ।

(५) कक्षा र तह थपको लागि भए सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय ।

अनुसूची - २
(दफा १६ उपदफा (२) सँग सम्बन्धित)

विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

(क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने, माध्यमिक तहमा छात्रामैत्री शौचालय हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तकउपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तैः सेतोपाटी, कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनुपर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न र मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यतया प्रतिकक्षा कम्तीमा बीस जनादेखि बढीमा चालिस जनासम्म र औसतमा तीस जना विद्यार्थी हुनुपर्नेछ ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्ने :
माध्यमिक तहको ०-१० कक्षाका लागि १४ जना
माध्यमिक तहको ०-१२ कक्षाका लागि १६ जना
आधारभूत तहको ०-८ कक्षाका लागि ९ जना
आधारभूत तहको ०-५ कक्षाको लागि ४ जना
प्रारम्भिक बालबिकास केन्द्रको लागि २ जना

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१ हुनुपर्नेछ ।

(ढ) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने,

(ण) आवासीय विद्यालयको लागि आवास भवन हुनुपर्ने,

(त) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनुपर्ने,

(थ) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने ।

(द) विद्यालयमा बालमैत्री अपाङ्गतामैत्री तथा वातावरणमैत्री हुनुपर्ने ।

अनुसूची - ३

(दफा १६ को उपदफा (३) सँग सम्बन्धित)

विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री.......................................

...................................

तपाईले विद्यालय खोल्ने सम्बन्धमा मिति...................................मा दिनु भएको निवेदन उपर कारबाही हुँदा गणेशमान चारनाथ नगरपालिका शिक्षा ऐन, २०७९ को दफा १६ (२) बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र.......................देखि आधारभूत र माध्यमिक तहको .....................कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको :-
सही :
नाम :
पद :
मिति :

## अनुसूची - ४
(दफा ४२ को उपदफा (१) संग सम्बन्धित)
### विद्यालयको वर्गीकरणका आधारहरु

क) सामुदायिक विद्यालय वर्गीकरणका आधारहरू :

| | |
|---|---|
| (१) | भौतिक सुविधा |
| (२) | शिक्षक दक्षता |
| (३) | उत्तरदायित्व र पारदर्शिता |
| (४) | विद्यालय सञ्चालन प्रक्रिया |
| (५) | शैक्षिक उपलब्धि |
| (६) | अन्य उपलब्धि |

२. भौतिक सुविधा:

| क्षेत्र | मापदण्डका आधार | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या अनुसार उपयुक्त कक्षा कोठा | कोठाहरू मा प्रकाश छिर्ने व्यवस्था | कोठाहरूमा हावा खेल्न सक्ने अवस्था | कोठामा झ्याल ढोकाको व्यवस्था | भवनमा कम्पाउण्डको अवस्था | शौचालय | खानेपानी | पुस्तकालय | कोठाको उचाई | विद्यालयको नाममा रहेको जग्गा | प्रयोगशाला | जम्मा |
| | अङ्क (१) | अङ्क (२) | अङ्क (३) | अङ्क (४) | अङ्क (५) | अङ्क (६) | अङ्क (७) | अङ्क (८) | अङ्क (९) | अङ्क (१०) | अङ्क (११) | अङ्क (१२) |
| शहरी | १० | १ | १ | २ | २ | २ | २ | ३ | २ | २ | ३ | ३० |
| ग्रामीण | १० | १ | १ | १ | २ | २ | २ | २ | २ | ५ | १ | ३० |

द्रष्टव्य:

(१) प्रति विद्यार्थी प्रति कक्षा कोठा पूर्व प्राथमिक र प्राथमिक तह भए कम्तीमा ०.७५ वर्ग मिटर तथा निम्न मा.वि. र माध्यमिक तह भए कम्तीमा १.०० वर्ग मिटर भएको पक्की भवन भए पूर्णाङ्क, कच्ची भवन भए पचहत्तर प्रतिशत अङ्क, कोठा संख्या र प्रति विद्यार्थी क्षेत्रफल उल्लेखित वर्ग मिटरमा पच्चीस प्रतिशतसम्म कम भए पचास प्रतिशत अङ्क ।

(२) सबै विद्यार्थीलाई लेख्न र पढ्न उपयुक्त प्रकाश भएको र कालोपाटीमा लेखेको कुरा प्रष्ट देख्न सक्ने भए पूर्णाङ्क, प्रकाश छिर्ने व्यवस्था वा कालोपाटीमा लेखिएको कुरा स्पष्ट नदेखिने भए पचास प्रतिशत अङ्क ।

(३) कोठामा भेन्टिलेसन भई हावा खेल्न सक्ने भए पूर्णाङ्क ।

(४) कक्षा कोठाका झ्याल ढोका आवश्यकतानुसार लगाउन र खोल्न मिल्ने भए पूर्णाङ्क ।

(५) पक्की कम्पाउण्ड सहितको बन्द गर्ने ढोका भए पूर्णाङ्क, काँडेबार वा काठको बार भए पचास प्रतिशत अङ्क ।

(६) प्रति २०० विद्यार्थी छात्र/छात्राको लागि छुट्टा छुट्टै र शिक्षकको लागि अलग शौचालय भए पूर्णाङ्क, महिला र पुरुषको लागि मात्र अलग अलग शौचालय भए पचास प्रतिशत अङ्क ।

(७) विद्यार्थीको लागि फिल्टर सहितको पर्याप्त खानेपानी सुविधा भए पूर्णाङ्क, पर्याप्त खानेपानी सुविधासम्म भए पचास प्रतिशत अङ्क, सीमित खानेपानीको व्यवस्था भए पच्चीस प्रतिशत अङ्क ।

(८) पाठ्यपुस्तक र सन्दर्भ पुस्तक सहित ५०० भन्दा बढी पुस्तक सहित पढ्ने अलग कोठा भए पूर्णाङ्क, ५०० भन्दा बढी पुस्तक भएको तर पढ्ने अलग कोठा नभएको वा २५० भन्दा बढी ५०० भन्दा कम पुस्तक भइ पढ्ने अलग कोठा भए पचहत्तर प्रतिशत अङ्क, २५० भन्दा बढी र ५०० भन्दा कम पुस्तक भई पढ्ने कोठा अलग नभए पचास प्रतिशत अङ्क ।

(९) कोठाको उचाइ कम्तीमा नौ फिट र भुई कोठाको सतह जमिन सतह भन्दा होचो नभए पूर्णाङ्क, कोठाको उचाइ नौ फिट भन्दा कम र भुई कोठाको सतह जमीन सतह भन्दा होचो भए पचास प्रतिशत अङ्क ।

(१०) विद्यालयको नाममा बीस रोपनी वा सो भन्दा बढी जग्गा भए पूर्णाङ्क, १५-२० रोपनीसम्म जग्गा भए साठी प्रतिशत अङ्क, १०-१४ रोपनीसम्म जग्गा भए पचास प्रतिशत अङ्क, ५-९ रोपनीसम्म जग्गा भए चालीस प्रतिशत अङ्क, १-४ रोपनीसम्म जग्गा भए तीस प्रतिशत अङ्क । (तराईको विद्यालय भए उल्लेखित रोपनी बराबरको जग्गा विगाहामा गणना गरिनेछ)

(११) विद्यार्थीहरुले बसी बसी प्रयोग गर्न सक्ने प्रयोगशाला भए पूर्णाङ्क ।

३. शिक्षक व्यवस्था:

| क्षेत्र | मापदण्डका आधारहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न्यूनतम शैक्षिक योग्यता प्राप्त शिक्षक | तालीम प्राप्त शिक्षकको संख्या | अनुभव प्राप्त प्रधानाध्यापक | माथिल्लो शैक्षिक योग्यता भएको शिक्षक | कुल शिक्षकको संख्या | महिला शिक्षिक संख्या | जम्मा |
| | अङ्क (१) | अङ्क (२) | अङ्क (३) | अङ्क (४) | अङ्क (५) | अङ्क (६) | अङ्क (७) |
| शहरी | ५ | २ | ५ | ३ | २ | ३ | २० |
| ग्रामीण | ७ | २ | ४ | २ | २ | ३ | २० |

द्रष्टव्य:-

(१) विषय मिल्दो र न्युनतम शैक्षिक योग्यता पुगेको शत प्रतिशत शिक्षक भए पूर्णाङ्क ।

(२) तालीम प्राप्त गरेका शिक्षक जति प्रतिशत छन् त्यति प्रतिशत अङ्क ।

(३) प्रधानाध्यापक दश वर्षको कार्य अनुभव भए पूर्णाङ्क, सो भन्दा कम अनुभव भए प्रति वर्ष दश प्रतिशत अङ्कका दरले ।

(४) माथिल्लो शैक्षिक योग्यता भएको शिक्षक भए प्रति शिक्षक एक अङ्कका दरले ।

(५) दरवन्दी बमोजिम शिक्षक पूरा भएको भए पूर्णाङ्क ।

(६) कुल शिक्षक संख्याको पचास प्रतिशत शिक्षक महिला भए पूर्णाङ्क, पच्चीस प्रतिशत महिला भए पचास प्रतिशत अङ्क र सो भन्दा कम वा न्यूनतम एक जनासम्म महिला भए पच्चीस प्रतिशत अङ्क ।

४. विद्यार्थी संख्या

| क्षेत्र | मापदण्डका आधार | | | |
|---|---|---|---|---|
| | जम्मा विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | छात्राको प्रतिशत | जम्मा |
| | अङ्क (१) | अङ्क (२) | अङ्क (३) | अङ्क (४) |
| शहरी | ६ | २ | २ | १० |
| ग्रामीण | ५ | २ | ३ | १० |

द्रष्टव्य:-

(१) ५०० वा सो भन्दा बढी विद्यार्थी भए पूर्णाङ्क, ४००-४९९ सम्म विद्यार्थी भए असी प्रतिशत अङ्क, ३००-३९९ सम्म विद्यार्थी भए साठी प्रतिशत अङ्क, २००-२९९ सम्म विद्यार्थी भए चालीस प्रतिशत अङ्क, १००-१९९ सम्म विद्यार्थी भए बीस प्रतिशत अङ्क ।

(२) शिक्षक विद्यार्थी अनुपात उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: १:५०, १:४५ र १:४० भए पूर्णाङ्क, १:६० भए पचास प्रतिशत र सो भन्दा बढी भए २५ प्रतिशत अङ्क ।

(३) ४५ प्रतिशत भन्दा बढी छात्रा भए पूर्णाङ्क, २५ प्रतिशतसम्म छात्रा भए पचास प्रतिशत अङ्क ।

५. शैक्षिक उपलब्धि:

| क्षेत्र | मापदण्डका आधारहरु | | | | |
|---|---|---|---|---|---|
| | तहको शुरू कक्षामा भर्ना भएकामध्ये सो तह पूरा गर्ने विद्यार्थी प्रतिशत | कक्षा दोहोऱ्याउनेको प्रतिशत | कक्षा छाड्नेको प्रतिशत | प्रत्येक तहमा ६० प्रतिशत भन्दा बढी अङ्क ल्याई उत्तीर्ण हुनेको प्रतिशत | जम्मा |
| | अङ्क (१) | अङ्क (२) | अङ्क (३) | अङ्क (४) | अङ्क (५) |
| शहरी | ६ | २ | २ | १० | २० |
| ग्रामीण | ५ | २ | ३ | १० | २० |

द्रष्टव्य :-

(१) तहको शुरुमा कक्षा भर्ना भएका विद्यार्थीमध्ये १०० प्रतिशतले प्राथमिक तह पूरा गरेको भए पूर्णाङ्क, सो भन्दा कम प्रतिशतले प्राथमिक तह पूरा गरेका भए जति प्रतिशतले पूरा गरेका छन् त्यति प्रतिशतले हुने अङ्क ।

(२) कक्षा दोहोऱ्याउने विद्यार्थी कत्तिपनि नभए पूर्णाङ्क, १-५ प्रतिशतसम्म भए सठसट्ठी प्रतिशत र ६-१० प्रतिशतसम्म भए तेत्तीस प्रतिशत अङ्क ।

(३) कक्षा छाड्ने विद्यार्थी कत्ति पनि नभए पूर्णाङ्क, १-५ प्रतिशतसम्म भए असी प्रतिशत अङ्क, ६-१० प्रतिशतसम्म भए साठी प्रतिशत अङ्क, ११-१५ प्रतिशतसम्म भए चालीस प्रतिशत अङ्क, १६-२० प्रतिशतसम्म भए बीस प्रतिशत अङ्क ।

(४) ६० प्रतिशत वा सो भन्दा बढी अङ्क ल्याई उत्तीर्ण हुने विद्यार्थीको संख्या विद्यालयको कुल विद्यार्थी संख्याको जति प्रतिशत छ त्यति प्रतिशत अङ्क ।

६. कुल खर्च:

| क्षेत्र | मापदण्डका आधार | | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको कुल खर्चमा तलबमा खर्च भएको प्रतिशत | विद्यालयको कुल खर्चमा शैक्षिक सामग्रीमा खर्च भएको प्रतिशत | विद्यालयको कुल खर्चमा मर्मत सुधारमा खर्च भएको प्रतिशत | छात्रवृत्तिमा खर्च भएको प्रतिशत | जम्मा |
| | अङ्क (१) | अङ्क (२) | अङ्क (३) | अङ्क (४) | अङ्क (५) |
| शहरी | ३ | १ | ३ | ३ | १० |
| ग्रामीण | ३ | १ | ३ | ३ | १० |

द्रष्टव्य:

(१) विद्यालयको कुल खर्चको रकममध्ये तलबमा ७० प्रतिशतसम्म खर्च भए पूर्णाङ्क, ७१-८० प्रतिशतसम्म खर्च भए सतसट्ठी प्रतिशत, ८१-९० प्रतिशतसम्म खर्च भए तेत्तीस प्रतिशत अङ्क ।

(२) विद्यालयको कुल खर्चमा शैक्षिक सामग्रीमा १० प्रतिशत भन्दा बढी खर्च भए पूर्णाङ्क, ५-१० प्रतिशतसम्म खर्च भए पचास प्रतिशत अङ्क ।

(३) विद्यालयको कुल खर्चमा मर्मत सुधारमा १० प्रतिशत भन्दा बढी भए पूर्णाङ्क, ५-१० प्रतिशतसम्म खर्च भए पचास प्रतिशत अङ्क ।

(४) शत प्रतिशत छात्रवृत्ति उपलब्ध गराएको भए पूर्णाङ्क ।

७. श्रेणी विभाजन:

प्रकरण २, ३, ४, ५ र ६ मा लेखिए बमोजिम अङ्क पाउने प्रतिशत भन्दा कम हुनेलाई कुनै पनि अङ्क दिइने छैन । त्यसरी दिइएको अङ्कको आधारमा विद्यालयलाई देहायका श्रेणीमा वर्गीकरण गरिनेछ :-

(क) ८० वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय "क" श्रेणी

(ख) ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यालय "ख" श्रेणी

(ग) ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यालय "ग" श्रेणी

(घ) ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यालय "घ" श्रेणी

(ख) संस्थागत विद्यालयको लागि:-

१. "क" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरू (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात "ख" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने)

(क) सभाकक्ष,

(ख) सेवा कक्ष (फोन, फ्याक्स, इमेल आदि),

(ग) अतिरिक्त क्रियाकलाप कक्ष,

(घ) क्याफ्टेरिया,

(ङ) एक पटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था, र

(च) अनुसूची-२२ को खण्ड (ख) को देहाय (च) बमोजिमको विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

२. "ख" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरू (आधारभूत सुविधायुक्त विद्यालय अर्थात "ग" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने )

(क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरू सहितको एकपटकमा कम्तीमा ३० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेलमैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

(च) विद्यालयमा कम्प्युटर विषय राखेको भए छुट्टै कम्प्युटर कक्षाको व्यवस्था,

(छ) प्राथमिक उपचार कक्षको व्यवस्था, र

(ज) अनुसूची-२२ को खण्ड (ख) को देहाय (च) बमोजिमको अपेक्षित सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

३. "ग" श्रेणीको विद्यालय (अर्थात आधारभूत सुविधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरू

(क) कक्षा कोठाहरू पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्न माध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्गमिटर,

(ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षा कोठाहरू,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क बेञ्च,

(घ) छात्र छात्रा र शिक्षकको लागि कम्तीमा ३ वटा छुट्टाछुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप,

(ङ) यथेष्ट खानेपानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रति कक्षामा कालो पाटी र अन्य आवश्यक शैक्षिक सामग्री,

(ज) सबै विद्यार्थी एकै पटक उभिन सक्ने आँगन,

(झ) भलिबल खेल्न मिल्नेसम्मको खेलमैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने, र

(ड) अनुसूची-२२ को खण्ड (ख) को देहाय (३) अनुसारको छात्रवृत्ति र सोही अनुसूचीको सोही खण्डको देहाय (७) अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४. "घ" श्रेणीका विद्यालय (अर्थात न्यून सुविधाका विद्यालय): आधारभूत सुविधा पूरा नभएका विद्यालयहरू

५. संस्थागत विद्यालयहरूलाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम वर्गीकरण गर्नको लागि ▶नियम १४५क. बमोजिमको समितिले आवश्यकता अनुसार मन्त्रालयद्वारा गठित सरोकारवालाहरू समेत सम्मिलित भएको समितिको परामर्श लिन सक्नेछ ।

---

प्रमाणिकरण मिति : २०७९/०३/१५ गते

**आज्ञाकारी**
**छोटी मुखिया**
शिक्षा अधिकृत

**आज्ञाले**
**जित नारायण यादव**
नगर प्रमुख